गुराँस राजपत्र

गुराँस गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०          संख्याः ५०          मितिः२०८३/०६/०२

भागः २


**गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# गुराँस गाउँपालिका कृषि उत्पादन चिस्यान केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले कृषि उत्पादन चिस्यान केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०८३ जारी गरेको छ ।

**गुराँस गाउँपालिका**

**कृषि उत्पादन चिस्यान केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४

प्रमाणीकरण मितिः२०८३/०६/०२

**प्रस्तावना:** गुराँस गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषि तथा पशुजन्य वस्तुहरूको कटानी पश्चात् हुने क्षति (Post-harvest Loss) लाई न्यूनीकरण गर्न, कृषकहरूलाई बजारमा मूल्य गिरावट भएको समयमा भण्डारण गरी उपयुक्त मूल्य प्राप्त गराउन, स्थानीय उपजको गुणस्तर कायम राख्न तथा खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि कृषि उत्पादन चिस्यान केन्द्र (Cold Storage) को निर्माण, व्यवस्थापन, सञ्चालन तथा नियमन गर्न अपरिहार्य भएकोले;

गुराँस गाउँपालिकाको **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा ११ एवं दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**परिच्छेद – १: प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यवधिको नाम **"गुराँस गाउँपालिका कृषि उत्पादन चिस्यान केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठित चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(घ) **"चिस्यान केन्द्र (Cold Storage)"** भन्नाले कृषि, फलफूल, तरकारी, जडीबुटी तथा पशुजन्य उपजको भण्डारणका लागि निर्माण गरिएको शीतभण्डार सम्झनु पर्छ।

(ङ) **"उपभोक्ता/सेवाग्राही"** भन्नाले चिस्यान केन्द्रमा उपज भण्डारण गर्ने कृषक, कृषक समूह, कृषि सहकारी वा व्यापारी सम्झनु पर्छ।

(च) **"शाखा"** भन्नाले गाउँपालिकाको कृषि विकास/पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

**३. उद्देश्यहरू:**

क) गुराँस गाउँपालिकाभित्र निर्माण हुने कृषि चिस्यान केन्द्रको निर्माण तथा सञ्चालनलाई व्यवस्थित, सुरक्षित र गुणस्तरीय बनाउनु।

ख) फसल कटानीपछिको क्षतिलाई न्यूनतम (५% भन्दा कम) मा झार्नु।

ग) स्थानीय कृषक तथा कृषि सहकारीहरूलाई आधुनिक प्रविधियुक्त भण्डारण सुविधा पहुँचयोग्य बनाउनु।

घ) वातावरण मैत्री, ऊर्जा दक्ष र विपद् प्रतिरोधी संरचना निर्माण सुनिश्चित गर्नु।

## परिच्छेद – २: चिस्यान केन्द्रको स्थापना तथा निर्माण सम्बन्धी व्यवस्था

### ४. चिस्यान केन्द्रको वर्गीकरण

गुराँस गाउँपालिकाभित्र स्थापना हुने चिस्यान केन्द्रहरूलाई भण्डारण क्षमताका आधारमा तीन वर्गमा विभाजन गरिएको छ:

| वर्ग | भण्डारण क्षमता | लक्षित कृषि उपज | सिफारिश गरिएको प्रविधि |
|---|---|---|---|
| **क) साना (Micro/Zero-Energy)** | ५ देखि २० मेट्रिक टन | सुन्तला, आलु, सागपात (स्थानीय स्तर) | जिरो इनर्जी कूल चेम्बर / सोलर चिस्यान |
| **ख) मझौला (Medium Storage)** | २० देखि २०० मेट्रिक टन | आलु, तरकारी, फलफूल (वडा/ब्लक स्तर) | भेपर कम्प्रेसर रेफ्रिजरेसन सिस्टम |
| **ग) ठूला (Commercial/Hub)** | २०० मेट्रिक टनभन्दा माथि | पालिका स्तरको प्रमुख कृषि उपज सङ्कलन | आधुनिक बिल्डिंग म्यानेजमेन्ट सिस्टम (BMS) प्रविधि /फ्रियोन आधारित सेन्ट्रलाइज्ड सिस्टम |

### ५. स्थान छनोट तथा वातावरणीय मापदण्ड

चिस्यान केन्द्र निर्माण गर्दा स्थानको छनोट गर्दा देहायका मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ:

क) **जग्गाको स्वामित्व:** चिस्यान केन्द्र निर्माणका लागि प्रयोग गरिने जग्गा गुराँस गाउँपालिकाको स्वामित्वमा रहेको, सार्वजनिक वा दीर्घकालीन भाडा (Lease) मा लिइएको हुनुपर्नेछ।

ख) **पहुँचमार्ग:** मझौला र ठूला चिस्यान केन्द्रका लागि कम्तीमा ६ मिटर चौडा र सानाका लागि ३ मिटर चौडा बाटो भएको हुनुपर्नेछ।

ग) **भू-बनोट:** बाढी, पहिरो वा भूक्षयको जोखिम नभएको, समतल र निकासको राम्रो प्रबन्ध भएको जमिन हुनुपर्ने।

घ) **विद्युत् आपूर्ति:** कम्तीमा ३-फेज विद्युत् लाइनको पहुँच वा वैकल्पिक रूपमा नवीकरणीय ऊर्जा (सोडार/बायोमास) को व्यवस्था।

ङ) **सुरक्षा सम्बन्धी उपकरण**ः सुरक्षा सम्बन्धी उपकरण CCTV, अग्नि नियन्त्रक यन्त्र, डिजिटल तौल मेशिन (Weighbridge/Digital Scale) को व्यवस्था ।

च) **Dedicated स्थान**ः लोड-अनलोड क्षेत्र, ग्रेडिङ, प्याकिङ र प्रशोधन क्षेत्रको व्यवस्था ।

छ) **दूरीको मापदण्ड:**

- नदी/खोलाको किनारबाट कम्तीमा १०० मिटर टाढा।
- घना बस्ती र विद्यालय/अस्पताल क्षेत्रबाट कम्तीमा १०० मिटर टाढा।
- उच्च भोल्टेज विद्युत् लाइन (High Voltage Transmission Line) को राइट अफ वे (Right of Way) भन्दा बाहिर।

## ६. प्राविधिक तथा भवन निर्माण मापदण्ड

### ६.१ संरचनागत डिजाइन (Structural Design)

**क) भूकम्प प्रतिरोधी संरचना:** राष्ट्रिय भवन संहिता (NBC 105) अनुसार भूकम्प प्रतिरोधी डिजाइन हुनुपर्ने।

**ख) लोड बेरिङ क्षमता:** भण्डारण गरिने उपज र मेसिनरीको भार वहन गर्न सक्ने गरी फर्सीङ (Flooring) र पिलरको डिजाइन हुनुपर्ने।

**ग) उचाइ तथा नाप:** भण्डारण कक्षको उचाइ न्यूनतम ४.५ मिटर हुनुपर्नेछ ताकि हावाको सहज आवतजावत (Air Circulation) हुन सकोस्।

### ६.२ इन्सुलेसन (Insulation Standards)

**क) भित्ता र छत (Walls & Roof):** PUF (Polyurethane Foam) प्यानल वा PIR प्यानल प्रयोग गर्नुपर्ने।

- भित्ताको PUF प्यानल मोटाइ: कम्तीमा ८० मिमी देखि १०० मिमी।
- छतको PUF प्यानल मोटाइ: कम्तीमा १०० मिमी देखि १२० मिमी।

ख) **भुइँ (Floors):** XPS (Extruded Polystyrene) वा PUF इन्सुलेसनसहित अनिवार्य Water-proofing र Reinforced Cement Concrete (RCC) गरिएको हुनुपर्ने।

**६.३ चिस्यान तथा प्रविधि मापदण्ड (Refrigeration & Control)**

१) तापक्रम र आर्द्रता नियन्त्रण:

- आलु भण्डारण: २°C देखि ४°C, सापेक्षिक आर्द्रता (RH): ९०% - ९५%
- सुन्तला/कागती: ५°C देखि ८°C, RH: ८५% - ९०%
- ताजा तरकारी: २°C देखि ६°C, RH: ९०% - ९५%

२) प्रशीतक (Refrigerant): वातावरणमैत्री र ओजोन तहलाई असर नगर्ने (Ozone-friendly/Eco-friendly) प्रशीतक (जस्तै R404a, R134a, वा Ammonia) को मात्र प्रयोग गर्न पाइनेछ। CFCs को प्रयोग पूर्ण रूपमा प्रतिबन्धित छ।

३) इभोपोरेटर र कन्डेन्सर: तामाको पाइप (Copper Tube) र अल्युमिनियम फिन (Aluminum Fins) युक्त दक्ष इभोपोरेटर प्रयोग गर्नुपर्ने।

**७. सुरक्षा, सरसफाइ तथा गुणस्तर नियन्त्रण**

१) **अग्नि सुरक्षा (Fire Safety):** स्वचालित स्प्रिंकलर सिस्टम वा फायर एक्सटिङ्गुइसर (CO2 र Dry Powder) अनिवार्य रूपमा राख्नुपर्ने।

२) **आपत्कालीन ढोका (Emergency Doors):** भित्रबाट सहजै खोल्न सकिने Security Safety Release Valve सहितको ढोका हुनुपर्ने।

३) **सरसफाइ:** चिस्यान केन्द्रभित्र हानीकारक ब्याक्टेरिया र ढुसी (Fungus) फैलिन नदिन नियमित रूपमा ओजोन ट्रीटमेन्ट वा स्यानिटाइजेसन गर्नुपर्ने।

४) **ड्रेनेज प्रणाली:** सफाइ गर्दा निस्कने पानी र कन्डेन्सेट वाटरको लागि उचित निकासको व्यवस्था।

**परिच्छेद – ३: सञ्चालन र व्यवस्थापन ढाँचा**

**८. सञ्चालनको मोडेल:** चिस्यान केन्द्रको सञ्चालन गाउँपालिकाले आवश्यकता अनुसार निम्न मध्ये कुनै एक मोडलमा गर्न सक्नेछ:

(क) **गाउँपालिकाको प्रत्यक्ष सञ्चालन:** गाउँपालिका स्वयंले कर्मचारी परिचालन गरी सञ्चालन गर्ने।

(ख) **सहकारी/कृषक समूहसँगको साझेदारी:** स्थानीय कृषि सहकारी वा कृषक समूह महासंघलाई सम्झौता बमोजिम हस्तान्तरण गरी सञ्चालन गराउने। यसरी सञ्चालन गर्दा एक वा एक भन्दा बढी समूह/सहकारीले लगानी गर्न सक्नेछ।

(ग) **सार्वजनिक–निजी साझेदारी (PPP Model):** निश्चित अवधि र शर्तका आधारमा निजी क्षेत्र वा फर्मसँग प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा सम्झौता गरी सञ्चालन गर्ने।

## ९. लगानी, अनुदान र साझेदारीको ढाँचा

| **तह/साझेदार** | **लगानी प्रतिशत (नमूना)** | **भूमिका/जिम्मेवारी** |
|---|---|---|
| गाउँपालिका / प्रदेश सरकार | ५०% - ७०% | अनुदान, प्राविधिक सहयोग र अनुगमन |
| कृषक समूह / सहकारी / निजी क्षेत्र | ३०% - ५०% | श्रमदान, जग्गा व्यवस्थापन र सञ्चालन दायित्व |

**१०. सञ्चालन तथा व्यवस्थापन समितिको गठन:** चिस्यान केन्द्रको सर्वपक्षीय रेखदेख, नीति निर्माण तथा अनुगमनका लागि ९ सदस्यीय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ:

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) चिस्यान केन्द्र रहेको वडा अध्यक्ष – सदस्य

ङ) पशुपन्छी विकास शाखा प्रमुख – सदस्य

च) स्थानीय कृषि सहकारी/समूहका प्रतिनिधि (२ जना, कम्तीमा १ महिला) – सदस्य

छ) अग्रणी कृषक प्रतिनिधि (२ जना, कम्तीमा १ महिला) – सदस्य

ज) पालिकास्तरीय उद्योग बाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि – सदस्य

झ) कृषि विकास शाखा प्रमुख – सदस्य-सचिव

**११. समितिको काम, कर्तव्य र अधिकार:**

क) चिस्यान केन्द्रको वार्षिक बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्ने।

ख) भण्डारण शुल्क (Storage Tariff Rate) सिफारिस गर्ने।

ग) सञ्चालनका लागि आवश्यक जनशक्ति र दैनिक कार्यतालिका निर्धारण गर्ने।

घ) भण्डारण गरिने उपजको गुणस्तर र सुरक्षा सम्बन्धी मापदण्ड तय गर्ने।

ङ) चौमासिक तथा वार्षिक रूपमा आय-व्यय विवरण सार्वजनिक गर्ने।

## परिच्छेद – ४: भण्डारण, शुल्क तथा सेवा सम्बन्धी व्यवस्था

**१२. भण्डारण प्रक्रिया र प्राथमिकता:**

(१) चिस्यान केन्द्रमा उपज भण्डारण गर्न चाहने कृषक/व्यवसायीले तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपज भण्डारण गर्दा देहायको प्राथमिकता क्रम कायम गरिनेछ:

**प्रथम प्राथमिकता:** गुराँस गाउँपालिकाका साना तथा सीमान्तकृत कृषकहरू।

**द्वितीय प्राथमिकता:** गाउँपालिका भित्र सञ्चालित कृषि सहकारी तथा कृषक समूह।

**तृतीय प्राथमिकता:** गाउँपालिका भित्रका कृषि व्यापारी/उद्यमी।

**चौथो प्राथमिकता:** गाउँपालिका बाहिरका कृषक तथा व्यवसायी (ठाउँ खाली रहेमा मात्र)।

**१३. भण्डारण शुल्क र छुटको व्यवस्था:**

(१) उपजको प्रकृति, तौल र भण्डारण अवधिका आधारमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको भण्डारण शुल्क लागू हुनेछ।

(२) गुराँस गाउँपालिकाका स्थानीय कृषकहरूका लागि तोकिएको शुल्कमा कम्तीमा २०% सम्म छुट (Subsidy) को व्यवस्था गर्न सकिनेछ।

(३) प्राकृतिक विपत्ति वा महामारीको समयमा कृषकलाई राहत दिन गाउँपालिकाले भण्डारण शुल्कमा थप छुट दिन सक्नेछ।

**१४. उपजको गुणस्तर तथा जाँच:**

क) चिस्यान केन्द्रमा भण्डारण गर्नु अघि उपजको गुणस्तर, कीरा/रोग लागे-नलागेको र भण्डारण योग्य रहे-नरहेको प्राविधिक जाँच गरिनेछ।

ख) बिग्रिएको, कुहिएको वा अन्य उपजलाई हानी पुऱ्याउने उपज भण्डारण गर्न पाइने छैन।

## परिच्छेद – ५: वित्तीय व्यवस्थापन, बीमा तथा जोखिम न्यूनीकरण

**१५. चिस्यान केन्द्र कोष:**

(१) चिस्यान केन्द्रको नाममा एक छुट्टै खाता/कोष रहनेछ।

(२) उक्त कोषमा निम्न बमोजिमका रकम जम्मा हुनेछन्:

क) भण्डारण शुल्कबाट प्राप्त आय।

ख) गाउँपालिका, प्रदेश वा संघ सरकारबाट प्राप्त अनुदान।

ग) अन्य संघ-संस्थाबाट प्राप्त सहयोग। (३) कोषको सञ्चालन गाउँपालिकाको नियमानुसार हुनेछ र प्राप्त आय चिस्यान केन्द्रको मर्मत, स्तरोन्नति र पूर्वाधार विकासमा खर्च गरिनेछ।

**१६. बीमा (Insurance) तथा क्षतिपूर्ति:**

(१) चिस्यान केन्द्रको भौतिक पूर्वाधार र मेसिनरीको अनिवार्य दुर्घटना तथा जोखिम बीमा गरिनेछ।

(२) चिस्यान केन्द्रमा भण्डारण गरिएका कृषि उपजको सम्भावित जोखिम (प्राविधिक खराबी, आगलागी, विद्युत अवरोध आदि) न्यूनीकरण गर्न अनिवार्य "स्टक बीमा" (Stock Insurance) को व्यवस्था गरिनेछ।

(३) चिस्यान केन्द्रको प्राविधिक त्रुटि वा लापरवाहीका कारण उपज नष्ट भएमा सोको क्षतिपूर्ति तोकिएको मापदण्डका आधारमा उपलब्ध गराइनेछ।

## परिच्छेद – ६: अनुगमन, पारदर्शीता र कारबाही

**१७. अनुगमन तथा निरीक्षण:**

१) गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको योजना अनुगमन समितिले वर्षमा कम्तीमा दुई पटक चिस्यान केन्द्रको प्राविधिक तथा आर्थिक अनुगमन गर्नेछ।

२) कृषि शाखाले प्रत्येक महिना चिस्यान केन्द्रको मौज्दात (Stock) र सञ्चालन अवस्थाको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

**१८. अनुमति तथा दर्ता प्रक्रिया**ः

१. **प्रस्तावना पेस गर्ने:** चिस्यान केन्द्र निर्माण गर्न चाहने संस्था/व्यवसायीले विस्तृत परियोजना प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/SMC) सह गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

२. **प्राविधिक जाँच:** गाउँपालिकाको इन्जिनियरिङ तथा कृषि शाखाले स्थलगत निरीक्षण गरी तोकिएको मापदण्ड पूरा भए/नभएको जाँच गर्नेछ।

३. **स्वीकृति तथा इजाजत:** मापदण्ड पूरा भएको पाइएमा गाउँपालिकाले निर्माण स्वीकृति र सञ्चालन अनुमति पत्र प्रदान गर्नेछ।

**१९. सञ्चालन सम्झौता रद्द गर्न सकिने:** यदि चिस्यान केन्द्र सञ्चालनको जिम्मेवारी पाएको संस्था/फर्मले निम्न अनुसारको कार्य गरेमा गाउँपालिकाले सम्झौता रद्द गर्न सक्नेछ:

क) तोकिएको कार्यविधि र शर्त विपरीत कार्य गरेमा।

ख) कृषकहरूबाट अनुचित शुल्क असुल गरेमा वा विभेद गरेमा।

ग) नियतवश चिस्यान केन्द्रको क्षति वा लापरवाही गरेमा।

## परिच्छेद – ७: विविध

**२०. कर्मचारी व्यवस्थापन:** चिस्यान केन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक (प्रशीतन प्राविधिक/Refrigeration Technician), प्रशासकीय तथा सुरक्षा कर्मचारीको व्यवस्थापन गाउँपालिकाको जनशक्ति सम्बन्धी नियम अनुसार वा करार सेवा मार्फत गरिनेछ।

**२१. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम र सर्वमान्य हुनेछ।

**२२. संशोधन:** यस कार्यविधिमा कुनै संशोधन वा परिमार्जन गर्नु परेमा गाउँ कार्यपालिकाको बहुमतबाट संशोधन गर्न सकिनेछ।